नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७९/०८०
चलानी नं.:-४७४

मितिः- २०८०/०३/१५

श्री स्थानीय तह (सबै)।

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं. १०३ मिति २०८०/०३/१० को आवश्यक सहजीकरण सम्बन्धी पत्र आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

**बोधार्थः**
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
(पशु स्वास्थ्य महाशाखा)

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरबार, काठमाण्डौं
नेपाल

पत्र संख्या : ०८१/०८०
च.नं. १०३

मिति: २०८०।०३।१०

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

विषयः आवश्यक सहजीकरण सम्बन्धमा।

प्रस्तुत विषयमा पशुमा लाग्ने महामारीजन्य सङ्क्रामक रोग, पशु वा स्थान विशेषमा देखा परिरहने पशु रोगको प्रकोप वा रोग विस्तार हुन नदिन रोगको शीघ्र पहिचान तथा प्रतिकार्य गरी रोगको रोकथाम तथा नियन्त्रण, निवारण वा उन्मूलन र नयाँ रोग भित्रिन नदिन निगरानी गर्ने व्यवस्था गर्न आवश्यक भएकोले उक्त कार्यका लागि तयार गरिएको **सङ्क्रामक पशु रोग नियन्त्रण तथा रोकथाम गर्न बनेको विधेयक, २०८० (मस्यौदा)** मा ७ दिनभित्र राय/सुझाव पठाइदिनका लागि सबै स्थानीय तहहरूलाई अनुरोध गरिदिनुहुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०८०।०३।०१ को निर्णयानुसार अनुरोध छ। उक्त मस्यौदाको छायाँप्रति यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा समेत अनुरोध छ।

२०८०।३।१०
डा. सुलेखा शर्मा
पशु चिकित्सक

O/C

## सङ्क्रामक पशु रोग नियन्त्रण तथा रोकथाम गर्न बनेको विधेयक, २०८०

प्रस्तावनाः पशुमा लाग्ने महामारीजन्य सङ्क्रामक रोग, पशु वा स्थान विशेषमा देखा परिरहने पशु रोगको प्रकोप वा रोग विस्तार हुन नदिन रोगको शीघ्र पहिचान तथा प्रतिकार्य गरी रोगको रोकथाम तथा नियन्त्रण, निवारण वा उन्मूलन र नयाँ रोग भित्रिन नदिन निगरानी गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले

सङ्घीय संसदले यो ऐन बनाएको छ।

### परिच्छेद -१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सङ्क्रामक पशु रोग नियन्त्रण तथा रोकथाम ऐन, २०८०" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको दिन देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जङ्गली जनावर सम्झनु पर्दछ र सो शब्दले पन्छी र माछा समेतलाई जनाउँदछ।

(ख) "पशुजन्य पदार्थ" भन्नाले पशुको मासु, आन्तरिक अङ्ग तथा स्राव, रगत, बोसो, दूध, अण्डा, अण्डाको बोक्रा, हाड, छाला, सिङ्ग, खुर, प्वाँख, भुत्ला, रौं, भ्रुण, विर्य, ग्रन्थी, मल, मूत्रलगायत पशुबाट उत्पत्ति हुने जुनसुकै प्रकारको वस्तु सम्झनु पर्दछ ।

(ग) "पशु उत्पादन सामग्री" भन्नाले जैविक पदार्थ, भेटेरिनरी औषधी, पशु आहारा र तिनका उत्पादन लगायत पशु स्वास्थ्य, पशु प्रजनन् तथा पशु उत्पादनमा समेत प्रयोग हुने सामग्री र यन्त्र उपकरणहरू समेत सम्झनु पर्दछ।

(घ) "शङ्कास्पद सङ्क्रामक वस्तु" भन्नाले पशु रोग सम्बन्धी जोखिमको सम्पर्कमा आएका वा रोग विस्तारको सम्भावित स्रोत हुन सक्ने रोगी पशु, पशुको सिनो, ढुवानीको साधन, दुषित पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री र तिनका उत्पादनमा प्रयोग हुने अन्य सामग्री समेत सम्झनु पर्दछ।

(ङ) "पशुधनी" भन्नाले पशुको स्वामित्व भएको व्यक्ति वा संस्था सम्झनु पर्दछ र सो शब्दले त्यस्तो व्यक्ति वा संस्थाद्वारा पशुको व्यवस्थापन गर्न खटाइएको व्यक्ति समेतलाई जनाउँदछ।

(च) "सरोकारवाला" भन्नाले पशुपालन, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको उत्पादन, प्रशोधन तथा बजारीकरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा

संलग्न व्यक्ति वा संस्था, सेवा प्रदायक व्यक्ति वा संस्था र उपभोक्ता समेतलाई सम्झनु पर्दछ।

(छ) "सङ्क्रामक पशु रोग" भन्नाले विषाणु, जिवाणु, ढुसी, परजीवी, सङ्क्रामक प्रोटिन तत्व (प्रायन) वा अन्य सूक्ष्म जीवबाट पशुमा लाग्ने सरुवा रोगलाई जनाउँदछ।

(ज) "महामारीजन्य रोग" भन्नाले एक पशुबाट अन्य पशुमा प्रत्यक्ष वा अप्रत्यक्ष माध्यमबाट सजिलै सर्न सक्ने, विरामीदर उच्च हुने र छिटो फैलने सम्भावना रहेको सङ्क्रामक रोगलाई सम्झनु पर्दछ।

(झ) "आधिकारिक निकाय" भन्नाले सङ्क्रामक पशु रोग नियन्त्रणका लागि सङ्घीय स्तरमा पशु सेवा विभाग र प्रदेश तथा स्थानीय तहको हकमा सम्बन्धित प्रदेश मन्त्रालय वा स्थानीय तहले तोकेको निकाय सम्झनु पर्दछ।

(ञ) "अधिकार प्राप्त अधिकारी" भन्नाले आधिकारिक निकायले कार्य विशेषका लागि तोकेको व्यक्ति सम्झनु पर्दछ।

(ट) "सङ्घीय रोग नियन्त्रण अधिकारी" भन्नाले पशु सेवा विभागको महानिर्देशकलाई सम्झनु पर्दछ।

(ठ) "प्रदेश रोग नियन्त्रण अधिकारी" भन्नाले प्रदेश मन्त्रालयले सङ्क्रामक पशु रोग नियन्त्रणका लागि तोकेको व्यक्ति सम्झनु पर्दछ।

(ड) "जिल्ला रोग नियन्त्रण अधिकारी" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको सम्बन्धित जिल्ला कार्यक्षेत्र रहेको पशु सेवा हेर्ने निकायको प्रमुखलाई सम्झनु पर्दछ।

(ढ) "स्थानीय रोग नियन्त्रण अधिकारी" भन्नाले सम्बन्धित स्थानीय तहले सङ्क्रामक पशु रोग नियन्त्रणका लागि तोकेको पशु स्वास्थ्य हेर्ने कर्मचारी सम्झनु पर्दछ।

(ण) "पशु रोग नियन्त्रण चेकपोष्ट" भन्नाले सङ्क्रमित क्षेत्रबाट वा सो क्षेत्र भएर शङ्कास्पद रोगी पशु, दुषित पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको ओसारपसारलाई नियन्त्रण गर्ने प्रयोजनका लागि स्थापना गरिने पूर्वाधार सहितको अस्थाई इकाइ सम्झनु पर्दछ । उक्त शब्दले पशु क्वारेन्टाइन चेकपोष्टलाई समेत जनाउँदछ।

(त) "प्रयोगशाला" भन्नाले पशु सेवा विभागले तोकेको प्रयोगशाला सम्झनु पर्दछ।

(थ) "सङ्क्रमित क्षेत्र" भन्नाले रोग विशेष अनुसार सङ्क्रामक पशु रोग देखा परेको भनि पुष्टि भएको स्थान वा भौगोलिक क्षेत्र सम्झनु पर्दछ।

(द) "सर्भिलेन्स" भन्नाले सङ्क्रामक रोगको योजनाबद्ध तवरले गरिने रोग सम्बन्धी निगरानीका कार्य सम्झनु पर्दछ । सो शब्दले रोग नियन्त्रणका

लागि गरिने तथ्याङ्क तथा नमूना सङ्कलन, परीक्षण, विश्लेषण र सूचनाको आदान प्रदान सम्बन्धी कार्यलाई जनाउँ छ।

(ध) "सघन सर्भिलेन्स क्षेत्र" भन्नाले सर्भिलेन्स कार्यका लागि रोग विशेष अनुसार सङ्क्रमित क्षेत्र र सो को वरिपरिको तोकिएको क्षेत्र समेतलाई सम्झनु पर्दछ।

(न) "रोगमुक्त क्षेत्र" भन्नाले रोग विशेष नभएको वा सङ्क्रमित क्षेत्र घोषणा भई रोग नियन्त्रण पश्चात रोगमुक्त प्रमाणित भएको स्थान वा भौगोलिक क्षेत्र सम्झनु पर्दछ।

(प) "तोकिएको वा तोके/तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिकामा तोकिएको वा तोके/तोकिए बमोजिम सम्झनु पर्दछ।

(फ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ।

(ब) "विभाग" भन्नाले नेपाल सरकारको पशु सेवा विभाग सम्झनु पर्दछ।

(भ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको पशु सेवा हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(म) "प्रदेश निर्देशनालय" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको पशु सेवा हेर्ने निर्देशनालय सम्झनु पर्दछ।

(य) "कार्यालय" भन्नाले प्रदेश सरकार अन्तर्गतको सम्बन्धित जिल्ला कार्यक्षेत्र रहेको पशु स्वास्थ्य हेर्ने निकाय सम्झनु पर्दछ।

(र) "असामान्य परिस्थिति" भन्नाले स्थानीय तह वा कार्यालयको क्षमता वा काबु बाहिरको परिस्थिति वा अन्य प्राकृतिक प्रकोपको अवस्था भन्ने सम्झनु पर्दछ।

(ल) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्दछ।

## परिच्छेद -२

## सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी समिति र अन्य व्यवस्था

३. निर्देशक समितिको गठनः (१) सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी समन्वय, सहकार्य तथा नीतिगत निर्णयमा सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -अध्यक्ष

(ख) सचिव, (पशुपन्छी विकास तर्फ), कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य

(ग) अध्यक्ष, नेपाल पशु चिकित्सा परिषद् -सदस्य

(घ) अध्यक्ष, नेपाल पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् -सदस्य

(ङ) सहसचिव, (प्राविधिक), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य

(च) सहसचिव, गृह मन्त्रालय -सदस्य

(छ) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ज) सहसचिव, (प्राविधिक), वन तथा वातावरण मन्त्रालय -सदस्य

(झ) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ञ) महानिर्देशक, पशु सेवा विभाग -सदस्य

(ट) निर्देशक, पशु तथा मत्स्य अनुसन्धान,
नेपाल कृषि अनुसन्धान परिषद् -सदस्य

(ठ) सह-सचिव, पशु स्वास्थ्य महाशाखा,
कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) अध्यक्षको अनुमतिमा सदस्य सचिवले बैठकमा आवश्यकता अनुसार प्रदेश मन्त्रालयका प्रदेश सचिव, स्थानीय तहका पदाधिकारी लगायतका सम्बन्धित सरोकारवाला, राष्ट्रिय/ अन्तर्राष्ट्रिय सङ्घ/संस्था र विषय विशेषज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

४. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u> निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी विषयमा नीति तथा रणनीति निर्धारण गर्ने,

(ख) सङ्क्रामक पशु रोगको प्रभावकारी नियन्त्रणका लागि प्राविधिक समन्वय समितिलाई निर्देशन दिने,

(ग) सङ्क्रामक पशु रोग नियन्त्रणका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा सहकार्य गराउन सहजीकरण गर्ने,

(घ) सङ्क्रामक पशु रोगसँग सम्बन्धित अन्तर्राष्ट्रिय नीति, रणनीति, मापदण्ड तथा प्रतिबद्धतालाई नेपालको राष्ट्रिय हित अनुकुल कार्यान्वयन गर्ने, गराउने,

(ङ) प्राविधिक समन्वय समितिबाट पेश भएका कार्ययोजना अनुमोदन गर्ने,

(च) आवश्यक स्रोत र साधनको व्यवस्थाका लागि सहजीकरण गर्ने,

(छ) समितिका अन्य कार्य तोकिए बमोजिम हुनेछ।

५. <u>प्राविधिक समितिको गठनः</u> (१) सङ्क्रामक पशु रोग नियन्त्रणका लागि प्राविधिक पृष्ठपोषण तथा नियन्त्रण कार्यमा समन्वय, सहकार्य र सहजीकरण गर्न देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछः

(क) महानिर्देशक, पशु सेवा विभाग -संयोजक

(ख) उपमहानिर्देशक, पशु सेवा विभाग -सदस्य

(ग) उपमहानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग -सदस्य

(घ) उपमहानिर्देशक, औषधी व्यवस्था विभाग -सदस्य

(ङ) निर्देशक, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य सेवा विभाग -सदस्य

(च) प्रमुख, केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला -सदस्य

(छ) प्रमुख, केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र -सदस्य

(ज) प्रमुख, राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय -सदस्य

(झ) प्रमुख, राष्ट्रिय पशु स्वास्थ्य अनुसन्धान केन्द्र, नेपाल कृषि अनुसन्धान परिषद् -सदस्य

(ञ) प्रमुख, कृषि सूचना तथा प्रशिक्षण केन्द्र -सदस्य

(ट) प्रमुख, पशु चिकित्सा तथा रोग नियन्त्रण समन्वय शाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य

(ठ) प्रमुख, महामारी तथा रोग नियन्त्रण शाखा, पशु सेवा विभाग -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित सरोकारवाला, राष्ट्रिय/अन्तर्राष्ट्रिय सङ्घ/संस्था र विषय विशेषज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ।

६. <u>प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सङ्क्रामक पशु रोगको रोकथाम तथा नियन्त्रण, निवारण वा उन्मूलन सम्बन्धी प्राविधिक कार्ययोजना तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्ने,

(ख) सङ्क्रामक पशु रोग नियन्त्रण गर्न सरोकारवालाहरूसँग आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्ने,

(ग) आधिकारिक निकायबाट पेश भएको तोकिएका सङ्क्रामक पशु रोगहरू विरुद्धको खोप अनुमति, खोप आपुर्ति र खोप वितरण सम्बन्धी कार्ययोजना अनुमोदन गर्ने,

(घ) उपलब्ध जनशक्ति तथा स्रोत साधनको समुचित परिचालन गर्ने, गराउने,

(ङ) कुनै सङ्क्रामक रोग देशको कुनै क्षेत्र वा देशैभरी महामारीको रूपमा फैलिएमा वा देखिएमा महामारी प्रभावित क्षेत्र घोषणा गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(च) अन्य कार्य तोकिए बमोजिम हुनेछ।

७. प्रदेशमा सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी व्यवस्थाः (१) प्रदेशमा सङ्क्रामक पशु रोग रोकथाम तथा नियन्त्रण, निवारण, उन्मूलन र अन्य व्यवस्था यस ऐनमा भएका व्यवस्थाका अतिरिक्त प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

(२) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी सङ्क्रामक पशु रोग नियन्त्रण गर्न आदेश जारी गर्न सक्नेछ।

(३) प्रदेश मन्त्रालयले तोकिएका सङ्क्रामक पशु रोग नियन्त्रणका लागि व्यवस्थापन सम्बन्धी कार्यमा सहजीकरण गर्नेछ।

८. स्थानीय तहमा सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी व्यवस्थाः (१) स्थानीय तहमा सङ्क्रामक पशु रोग रोकथाम तथा नियन्त्रण, निवारण वा उन्मूलन सम्बन्धी अन्य व्यवस्था स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

(२) स्थानीय तहले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी सङ्क्रामक पशु रोग नियन्त्रण गर्न आदेश जारी गर्न सक्नेछ।

(३) सङ्क्रामक रोग विरुद्धको खोप कार्य सञ्चालन गर्ने, शव व्यवस्थापन तथा सङ्क्रमित क्षेत्रमा रोग नियन्त्रण तथा निःसंक्रमण कार्य कार्यालयको सहयोगमा स्थानीय तहले गर्नु पर्नेछ।

(४) सङ्क्रमक रोग नियन्त्रणका क्रममा स्थानीय रोग नियन्त्रण अधिकारीलाई रोग नियन्त्रणकालागि आवश्यक स्रोत तथा साधनको व्यवस्था गर्नुपर्नेछ।

९. भेटेरिनरी रेपिड रेस्पोन्स टोलीको व्यवस्थाः (१) सङ्क्रामक पशु रोगको रोकथाम तथा नियन्त्रण, निवारण वा उन्मुलन गर्न सङ्घ, प्रदेश र जिल्लामा एक भेटेरिनरी रेपिड रेस्पोन्स टोली रहने छ।

(२) उपदफा (१) बमोजिमको टोलीको संरचना रोग विशेषका आधारमा सम्बन्धित रोग नियन्त्रण अधिकारीले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको टोलीको संरचना, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१०. सङ्घीय रोग नियन्त्रण अधिकारीको काम, कर्तव्य र अधिकारः (१) सङ्घीय रोग नियन्त्रण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मुलुकभर सङ्क्रामक पशु रोगको रोकथाम तथा नियन्त्रण, निवारण वा उन्मूलन र तत्सम्बन्धी कार्ययोजना, कार्यनीति एवम् आवश्यक मापदण्डको कार्यान्वयन गर्ने, गराउने,

(ख) पशु रोगको रोकथाम तथा नियन्त्रण, निवारण वा उन्मूलनको लागि प्रदेश र स्थानीय तहका सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गर्ने, गराउने,

(ग) देशको जुनसुकै भौगोलिक क्षेत्र वा स्थानमा देखा परेको सङ्क्रामक पशु रोग विस्तार भई सम्बन्धित प्रदेशले नियन्त्रणको लागि अनुरोध गरेमा वा रोगको क्षेत्र बिस्तार भई एकभन्दा बढी प्रदेशमा संक्रमण फैलिई नियन्त्रण बाहिर गएको अवस्थामा रोग नियन्त्रण गर्ने, गराउने,

(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि महामारीजन्य रोगको प्रकृति हेरी निश्चित भौगोलिक क्षेत्रमा रोगको रोकथाम तथा नियन्त्रण कार्य गर्ने,

(ङ) सङ्क्रामक पशु रोग नियन्त्रणका क्रममा आवश्यकता अनुसार रेपिड रेस्पोन्स टोली परिचालन गर्न सक्नेछ,

(च) विदेशबाट भित्रिन सक्ने नयाँ सङ्क्रामक रोग भित्रिन नदिन निगरानी गर्ने, गराउने,

(छ) विश्वव्यापी महामारीको सम्भावना भएका तथा नेपालमा देखा नपरेका आर्थिक क्षेत्र वा जनस्वास्थ्यमा असर पार्ने सङ्क्रामक पशु रोगहरूको पुष्टि भएमा त्यस्तो रोगको सङ्क्रमित क्षेत्रघोषणा गर्न मन्त्रालयमा सिफारिस गर्ने।

(२) सङ्घीय रोग नियन्त्रण अधिकारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. <u>प्रदेश रोग नियन्त्रण अधिकारी तोक्ने</u> (१) प्रदेश मन्त्रालयले सम्बन्धित निकायका पदाधिकारीलाई प्रदेश रोग नियन्त्रण अधिकारीको कामकाज गर्ने गरी तोक्नेछ र सो को जानकारी सङ्घीय रोग नियन्त्रण अधिकारीलाई गराउनु पर्नेछ।

(२) प्रदेश रोग नियन्त्रण अधिकारीलाई सङ्क्रामक पशु रोग नियन्त्रणका लागि आवश्यक पर्ने स्रोत साधन तथा जनशक्तिको व्यवस्था प्रदेश मन्त्रालयले गर्नेछ।

१२. <u>प्रदेश रोग नियन्त्रण अधिकारीको काम, कर्तव्य र अधिकार:</u> (१) सङ्घीय रोग नियन्त्रण अधिकारीको प्रत्यक्ष निगरानी र निर्देशनमा प्रदेश रोग नियन्त्रण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशमा सङ्क्रामक पशु रोगको रोकथाम तथा नियन्त्रण र तत्सम्बन्धी अन्य कार्यहरू प्रभावकारी ढङ्गले सम्पादन गर्ने, गराउने,

(ख) सङ्घीय तहबाट सङ्क्रामक पशु रोगको नियन्त्रण, निवारण वा उन्मूलन कार्ययोजना, कार्यनीति तथा आवश्यक मापदण्डको तर्जुमा गरिएको भएमा सोही बमोजिम र तर्जुमा नगरिएको अवस्थामा प्राथमिकताको आधारमा तर्जुमा गरी प्रदेश सरकार मार्फत स्वीकृत गराई कार्यान्वयन गर्ने, गराउने,

(ग) प्रदेशस्तरमा सङ्क्रामक पशु रोगले महामारीको रूप लिएमा वा स्थानीय तहको नियन्त्रण बाहिर गएमा प्राविधिक जनशक्ति तथा अन्य आवश्यक स्रोत व्यवस्थापनको सुनिश्चितता गर्ने,

(घ) प्रदेशभित्र सङ्क्रामक पशु रोग प्रमाणित भै घोषणा भैसकेको अवस्थामा सङ्घ तथा अन्य प्रदेशका रोग नियन्त्रण अधिकारीहरूलाई सो को तुरून्त जानकारी गराउने,

(ङ) सङ्घीय रोग नियन्त्रण अधिकारीबाट लेखि आएको अवस्थामा सो को कार्यान्वयन गर्ने गराउने।

(२) प्रदेश रोग नियन्त्रण अधिकारी सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ।

१३. <u>जिल्ला रोग नियन्त्रण अधिकारी तोक्ने:</u> (१) प्रदेश मन्त्रालयल सम्बन्धित जिल्ला कार्यक्षेत्र रहेको पशु सेवा हेर्ने निकायको प्रमुखलाई जिल्ला रोग नियन्त्रण अधिकारी तोक्ने छ ।

(२) प्रदेश मन्त्रालयले जिल्ला रोग नियन्त्रण अधिकारीलाई आवश्यक पर्ने स्रोत साधन तथा जनशक्तिको व्यवस्थापन गर्नेछ।

१४. <u>जिल्ला रोग नियन्त्रण अधिकारीको काम, कर्तव्य र अधिकार:</u> (१) जिल्ला रोग नियन्त्रण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्लामा सङ्क्रामक पशु रोगको रोकथाम तथा नियन्त्रण र तत्सम्बन्धी अन्य कार्यहरू प्रभावकारी ढङ्गले सम्पादन गर्ने, गराउने,

(ख) सङ्घीय वा प्रदेशस्तरबाट आफ्नो कार्य क्षेत्रमा सञ्चालित सङ्क्रामक पशु रोगको नियन्त्रण वा उन्मूलन कार्ययोजना, कार्यनीति तथा मापदण्डको कार्यन्वयन गर्ने, गराउने,

(ग) सङ्क्रामक पशु रोगको प्रकोपको शंका लागेमा स्थानीय स्तरको समन्वय तथा सहकार्यमा भेटेरिनरी रेपिड रेस्पोन्स टोली परिचालन गर्ने र सङ्घ तथा प्रदेशका रोग नियन्त्रण अधिकारीहरूलाई तुरून्त जानकारी गराउने,

(घ) जिल्लास्तरमा सङ्क्रामक पशु रोगले महामारीको रूप लिएमा वा नियन्त्रण बाहिर गएमा प्राविधिक जनशक्ति तथा अन्य आवश्यक स्रोत व्यवस्थापनको सुनिश्चितता गर्न सहजीकरण गर्ने,

(ङ) सङ्घीय रोग नियन्त्रण अधिकारी र प्रदेश रोग नियन्त्रण अधिकारीबाट लेखि आएको अवस्थामा सो को कार्यान्वयन गर्ने गराउने।

(२) जिल्ला रोग नियन्त्रण अधिकारी सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ।

१५. <u>स्थानीय रोग नियन्त्रण अधिकारीको काम, कर्तव्य र अधिकार:</u> (१) जिल्ला रोग नियन्त्रण अधिकारीको प्रत्यक्ष निगरानी र निर्देशनमा स्थानीय रोग नियन्त्रण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहभित्र सङ्क्रामक पशु रोगको रोकथाम तथा नियन्त्रण र तत्सम्बन्धी कार्यहरू प्रभावकारी ढंगले सम्पादन गर्ने,

(ख) सङ्घ तथा प्रदेशले तर्जुमा गरेका सङ्क्रामक पशु रोगहरूको नियन्त्रण वा उन्मूलन कार्ययोजना, कार्यनीति तथा मापदण्डको स्थानीय स्तरमा कार्यान्वयन गर्ने,

(ग) प्राथमिकताको आधारमा स्थानीय स्तरमा सङ्क्रामक पशु रोगहरूको सर्भिलेन्स, निदान, उपचार र नियन्त्रण कार्य तोकिएको प्रोटोकल अनुसार गर्ने,

(घ) स्थानीय स्तरमा सङ्क्रामक पशु रोग देखा परेमा कार्यालयसँग समन्वय गरी उपलब्ध जनशक्ति तथा अन्य आवश्यक स्रोत व्यवस्थापनको सुनिश्चितता गर्ने,

(ङ) स्थानीय तहभित्र सङ्क्रामक पशु रोग प्रमाणित भै सङ्क्रमित क्षेत्र घोषणा भैसकेको अवस्थामा सङ्घ तथा प्रदेशका रोग नियन्त्रण अधिकारीलाई सो को तुरून्त जानकारी गराउने,

(च) आफ्नो सुपरिबेक्षणमा सर्भिलेन्स, तथ्याङ्क तथा नमूना सङ्कलन, खोप कार्य, ओसारपसार नियन्त्रण, शव व्यवस्थापन लगायत तथा निसङ्क्रमण समेतका रोग नियन्त्रण सम्बन्धी कार्य गर्ने,

(छ) सङ्घीय रोग नियन्त्रण अधिकारी, प्रदेश रोग नियन्त्रण अधिकारी र जिल्ला रोग नियन्त्रण अधिकारीबाट लेखि आएको अवस्थामा सो को कार्यान्वयन गर्ने गराउने,

(२) स्थानीय रोग नियन्त्रण अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -३
## सङ्क्रामक पशु रोगको नियन्त्रण सम्बन्धी व्यवस्था

१६. सङ्क्रामक पशु रोगको जानकारी दिने: (१) कुनै स्थानमा तोकिएको सङ्क्रामक पशु रोग लागेको शङ्का लागेमा नजिकको स्थानीय तह, कार्यालय वा पशु सेवासँग सम्बन्धित अन्य सरकारी निकायमा यथाशिघ्र जानकारी गराउनु सबै सरोकारवालाको कर्तब्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएपछि स्थानीय तहले स्थलगत निरीक्षण गरी सम्भावित रोगको जाँच प्रक्रिया अपनाई कार्यालयको सहकार्यमा अन्वेषण गर्नु पर्नेछ।

(३) महामारीजन्य सङ्क्रामक रोग लागेमा वा थप परिक्षण वा अन्वेषण आवश्यक भएमा सम्बन्धित स्थानीय तह वा कार्यालयले यथाशीघ्र प्रदेश मन्त्रालय, प्रयोगशाला र विभागमा जानकारी गराउनु पर्नेछ।

(४) स्थानीय तह र कार्यालयले मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा समेत विभागलाई रोगको लिखित जानकारी पठाउनुपर्नेछ।

(५) विभागले उपदफा (१), (२), (३) र (४) बमोजिम प्राप्त हुने रोगको सूचनाको आधारमा पशु रोग पुर्वानुमान प्रणाली विकास गरी लागू गर्नेछ।

(६) उपदफा (४) र (५) बमोजिमको विवरणको विश्लेषण गरी विभागले आवधिक रुपमा प्रकाशन गर्नुपर्नेछ।

१७. <u>सङ्क्रामक पशु रोग नियन्त्रण पूर्व तयारी:</u>(१) आवधिक रूपमा राष्ट्रियस्तरको पूर्व तयारी कार्ययोजना विभागले र प्रदेशस्तरको पूर्व तयारी कार्ययोजना सम्बन्धित प्रदेश मन्त्रालयले तयार गरी कार्यान्वयन गर्नेछ।

(२) स्थानीय तहले कुनै रोग विशेषको प्रकोप वा महामारी हुन सक्ने सम्भावना भएमा तत्काल प्रतिकार्य गर्न कार्यालयको समन्वयमा पूर्व तयारी कार्ययोजना तयार गर्नु पर्नेछ।

(३) सङ्घ, प्रदेश र स्थानीय तहको प्रतिकार्यको पूर्व तयारी सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. <u>निरीक्षण तथा नमूना सङ्कलन गर्न सक्ने:</u> (१) अधिकार प्राप्त अधिकारीले शङ्कास्पद सङ्क्रामक वस्तु भएको शङ्का लागेमा जुनसुकै समयमा जुनसुकै स्थानमा प्रवेश गर्न, निरीक्षण गर्न र आवश्यकता अनुसार नमुना सङ्कलन गर्न सक्नेछ ।

(२) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. <u>सूचना माग गर्न सक्ने:</u> (१) स्थानीय तहसँग कार्यालयले र स्थानीय तह तथा कार्यालयसँग विभागले सङ्क्रामक रोग सम्बन्धी सूचना माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको सूचना सम्बन्धित स्थानीय तह तथा कार्यालयले उपलब्ध गराउनु पर्नेछ।

२०. <u>शङ्कास्पद सङ्क्रामक वस्तुलाई अलग्गै राख्नु पर्ने:</u> (१) महामारीजन्य रोगको सम्भावित फैलावट रोक्न शङ्कास्पद सङ्क्रामक वस्तु अलग्गै राख्न सम्बन्धित स्थानीय तह वा कार्यालयले आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोगको अवस्था नियन्त्रण नभएसम्म दिइएको आदेश पालना गर्नु सम्बन्धित पशुधनी वा सरोकारवालाको दायित्व हुनेछ ।

(३) सङ्क्रमित पशुलाई कसैले पनि सामुदायिक चरन क्षेत्र, पानीको स्रोत वा सार्वजनिक स्थानमा छाड्न, लैजान वा बिक्रि वितरण गर्न वा पशु हाटबजारमा लैजान पाइने छैन । उपचारका लागि लैजान समेत नपाउने आदेश जारी भएको अवस्था बाहेक नजिकको पशु स्वास्थ्य प्रदायक निकायमा लैजान बाधा पर्ने छैन।

(४) संसर्ग निषेध गर्न अलग्गै राखिएका वा नियन्त्रणमा राखिएका शङ्कास्पद सङ्क्रामक वस्तु कार्यालयको लिखित आदेश विना हटाउन वा अन्यत्र स्थानान्तरण गर्न पाइने छैन ।

२१. <u>संक्रमित क्षेत्र घोषणा गर्ने</u>: (१) स्थानीय तहसँगको समन्वयमा कार्यालयको सिफारिसमा जिल्ला प्रशासन कार्यालयले मापदण्ड पुगेका प्रयोगशालाबाट पुष्टि भएका तोकिएका सङ्क्रामक रोग फैलिएको क्षेत्र वा फार्मलाई तोकिए बमोजिम सङ्क्रमित क्षेत्र घोषणा गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा रोग सर्ने प्रवृत्ति, बिरामी तथा मृत्यु दर र हुन सक्ने आर्थिक र मानविय क्षति मध्येलाई मुख्य आधार लिनु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि रोगले महामारीको स्वरुप लिएमा वा लिन सक्ने अवस्थामा मन्त्रालय वा विभागले सङ्क्रमित क्षेत्र घोषणा गर्न बाधा पर्ने छैन।

२२. <u>महामारी प्रभावित क्षेत्र घोषणा गर्न सक्ने</u>: कुनै सङ्क्रामक पशु रोग नियन्त्रण बाहिर गई ठूलो धनजनको क्षति हुने असामान्य महामारीको अवस्था देखिएमा नेपाल सरकारले कुनै पनि भौगोलिक क्षेत्रलाई महामारी प्रभावित क्षेत्र घोषणा गरी तोकिए बमोजिम रोग नियन्त्रणका कार्यहरू गर्न गराउन सक्नेछ।

२३. <u>सघन सर्भिलेन्स क्षेत्र घोषणा गर्ने</u>: (१) अधिकारिक निकायले सङ्क्रामक रोग अन्यत्र बिस्तार हुन नदिन वा रोगको स्थितिको विश्लेषण गर्न सङ्क्रमित क्षेत्र र त्यस वरिपरिको तोकिएको क्षेत्रलाई सघन सर्भिलेन्स क्षेत्र घोषणा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषित सघन सर्भिलेन्स क्षेत्रमा तोकिए बमोजिमको सर्भिलेन्स कार्य गर्नु पर्नेछ ।

(३) मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय, प्रदेश निर्देशनालय, कार्यालय र स्थानीय तहले सघन सर्भिलेन्स कार्यमा सहकार्य, समन्वय र सहजीकरण गर्नु पर्नेछ।

(४) सङ्क्रामक पशु रोग नियन्त्रण गर्ने सिलसिलामा सर्भिलेन्स कार्य गर्दा कसैले बाधा पुऱ्याउन पाइने छैन ।

२४. <u>रोग नियन्त्रण गर्ने</u>: (१) घोषित सङ्क्रमित क्षेत्रमा ओसारपसार नियन्त्रण, सघन सर्भिलेन्स, बिरामी पशुलाई अलग्गै राख्न लगाउने, उपचार गर्ने, खोप लगाउने, शङ्कास्पद वस्तु नष्ट गर्ने, मरेका पशु व्यवस्थापन गर्ने, सरसफाई तथा निसङ्क्रमण गरी सूचना संप्रेषण समेतका कार्यहरू स्थानीय तह र कार्यालयले तोकिए बमोजिम गर्नु गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका कार्य गर्दा गराउँदा बाधा पुऱ्याउन पाइने छैन ।

(३) उपदफा (१) बमोजिमका कार्य गर्नको लागि आवश्यकता अनुसारको जनशक्तिलाई तोकिए बमोजिमको पारिश्रमिक वा अन्य सेवा सुविधा पाउने गरी तोक्न वा खटाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिम घोषित सङ्क्रमित क्षेत्रमा सङ्क्रामक पशु रोग नियन्त्रणको लागि गरिने अन्य कार्य तोकिए बमोजिम हुनेछ ।

(५) सङ्क्रमित क्षेत्र धोषण नगरिएको तर पशु वा स्थान विषेशमा देखा परिरहने रोगहरूको नियन्त्रण कार्य नियमित कार्यक्रम बाट गर्नु पर्नेछ।

(६) मन्त्रालय, विभाग र प्रदेश मन्त्रालयले रोग नियन्त्रण सम्बन्धमा सहयोग, समन्वय र सहकार्य गर्नेछन्।

२५. <u>प्रतिबन्ध लगाउन सकिने:</u> (१) स्थानीय तहसँगको समन्वयमा कार्यालयको सिफारिस बमोजिम घोषित सङ्क्रमित क्षेत्रमा पशु हाटबजार, पशु प्रदर्शनी, पशु मेला वा पशु स्वास्थ्य शिविर सञ्चालन गर्न र पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्रीको ओसारपसारमा तोकिएको अवधिसम्म जिल्ला प्रशासन कार्यालयले प्रतिवन्ध लगाउन सक्नेछ।

(२) सङ्क्रमित क्षेत्रमा प्रतिबन्ध लगाउन सकिने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. <u>पशु रोग नियन्त्रण चेकपोष्टको स्थापना:</u> (१) प्रदेश निर्देशनालयले जिल्ला रोग नियन्त्रण अधिकारीको सिफारिसमा घोषित सङ्क्रमित क्षेत्रको सीमानामा शङ्कास्पद सङ्क्रामक वस्तुको ओसारपसारमा नियन्त्रण गर्न आवश्यक संख्यामा पशु रोग नियन्त्रण चेकपोष्टको स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले सङ्क्रमित क्षेत्र घोषणा गरेका बखत तोकिए बमोजिमको चेकपोष्टको स्थापना गर्न वाधा परेको मानिने छैन।

(३) रोगको नियन्त्रण भएको घोषणा भएपछि उपदफा (१) र (२) बमोजिम स्थापना भएको चेकपोष्ट स्वतः खारेज हुनेछ।

२७. <u>पोष्टमार्टम गर्ने:</u> (१) पशुहरूको मृत्युको कारण पत्ता लगाउन पोष्टमार्टम वा शव परिक्षण गर्न सकिनेछ।

(२) जीवित पशुको हकमा रोगको अन्वेषण गर्ने प्रयोजनको लागि मानविय तरिकाले मृत्युवरण गराई पोष्टमार्टम गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पोष्टमार्टम गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम गरिनेछ।

(४) उपदफा (१) र (२) बमोजिम गरिएको पोष्टमार्टम प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा दर्तावाल पशु चिकित्सकले जारी गर्नु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि माछाको चिरफार प्रतिवेदन सम्बन्धित मत्स्य विकास अधिकृतले जारी गर्न सक्नेछ।

२८. <u>नष्ट वा लिलाम गर्ने:</u> (१) यस ऐन र यस ऐन अन्तरगतका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा अधिकार प्राप्त अधिकारीको आदेशको उल्लङ्घन गरेमा त्यस्तो शङ्कास्पद सङ्क्रामक वस्तु जफत गरी तोकिए बमोजिम नष्ट गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि जफत भएका ढुवानीको साधन लगायतका निःसंक्रमणपश्चात पुनः प्रयोग गर्न सकिने सामग्रीको हकमा निःसंक्रमण गरी तोकिए बमोजिम लिलाम गर्न सकिनेछ।

२९. <u>मरेका पशु व्यवस्थापन गर्नेः</u> कार्यालयको समन्वयमा स्थानीय तहले सङ्क्रमित क्षेत्रभित्र सङ्क्रामक पशु रोगबाट मरेका पशु वा अन्य शङ्कास्पद सङ्क्रामक वस्तुको व्यवस्थापन तोकिए बमोजिम गर्नु वा गराउनु पर्नेछ।

३०. <u>सरसफाइ तथा निःसंक्रमण गर्नु पर्नेः</u> (१) पशुधनी वा ढुवानीकर्ताले सङ्क्रमित परिसर, शङ्कास्पद सङ्क्रामक वस्तु र ढुवानीका साधनको सरसफाई तथा निःसंक्रमण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सरसफाइ तथा निःसंक्रमण गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. <u>संक्रमित क्षेत्र फुकुवा गर्नेः</u> (१) दफा २१ बमोजिम घोषणा गरिएको सङ्क्रमित क्षेत्रलाई सर्भिलेन्सको नतिजाको आधारमा रोग मुक्त भएको पुष्टि भएमा स्थानीय तहको समन्वयमा कार्यालयको सिफारीस बमोजिम जिल्ला प्रशासन कार्यालयले सङ्क्रमित क्षेत्र फुकुवा गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालय वा विभागले घोषणा गरेको सङ्क्रमित क्षेत्रको फुकुवा सोही निकायले गर्नेछ ।

(३) सङ्क्रमित क्षेत्र फुकुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. <u>जोन वा कम्पार्टमेन्टमा रोग मुक्त क्षेत्र तोक्न सक्ने सम्बन्धी व्यवस्थाः</u> कुनै स्थान वा फार्मलाई मन्त्रालयले जारी गरेको जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी निर्देशिका बमोजिम रोग मुक्त क्षेत्र तोक्न सक्नेछ ।

## परिच्छेद -४

## <u>राहत तथा पुनर्स्थापना सम्बन्धी व्यवस्था</u>

३३. <u>राहत प्रदान गर्न सकिनेः</u> (१) आधिकारीक निकायको आदेशमा तोकिएका सङ्क्रामक पशु रोगहरू नियन्त्रण गर्ने उद्देश्यले नष्ट गरिएका शङ्कास्पद सङ्क्रामक वस्तुको लागि सम्बन्धित पशुधनीलाई राहत प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम दिइने राहत नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ।

(३) नेपाल सरकारले मापदण्ड नतोकेको हकमा प्रदेश सरकारको मापदण्ड भएमा सोही बमोजिम वा सङ्घ र प्रदेश सरकारको मापदण्ड नभएको हकमा स्थानीय तहको प्रचलित कानून बमोजिम राहत प्रदान गर्न सकिनेछ।

(४) पशु स्वास्थ्य प्रमाणपत्र बिना देशभित्र ओसारपसार वा विदेशबाट पैठारी गरिएको र छाडा वा बेवारिसे शङ्कास्पद सङ्क्रामक वस्तु नष्ट गर्नु परेमा कुनै राहत दिईने छैन।

(५) विभागले तोकिए बमोजिम केन्द्रिकृत राहत सूचना प्रणाली विकास गर्नु पर्नेछ।

(६) उपदफा (२) र (३) बमोजिमको राहत उपलब्ध गराएको विवरण आधिकारीक निकायले केन्द्रिकृत राहत सूचना प्रणालीमा सूचिकृत गर्नु पर्नेछ।

(७) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक निकायबाट मात्र राहत उपलब्ध गराइनेछ।

३४. **पुनर्स्थापना गर्न सकिने:** (१) आधिकारीक निकायको आदेशमा तोकिएका सङ्क्रामक पशु रोगहरू नियन्त्रण गरेपश्चात प्रभावित क्षेत्रमा स्थानीय तह वा प्रदेश मन्त्रालयले पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ।

३५. **सुबिधा उपलब्ध गराउने:** (१) यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएका महामारीजन्य सङ्क्रामक पशु रोगको नियन्त्रणका लागि आधिकारीक निकायबाट खटाइएका व्यक्तिलाई तोकिएको मापदण्ड बमोजिम पारिश्रमिक वा सुविधा उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम खटाइएको व्यक्तिमा सोही रोगको संक्रमणको पुष्टि भएमा वा अङ्गभङ्ग भएमा स्वास्थ्य परीक्षण तथा उपचारमा लाग्ने सम्पुर्ण खर्च सम्बन्धित सरकारले व्यहोर्नेछ।

(३) उपदफा (१) बमोजिम खटाइएको व्यक्तिको कामको सिलसिलामा मृत्यु भएमा निजको परिवारलाई प्रचलित कानूनले तोकिए बमोजिम राहत उपलब्ध गराइनेछ।

## परिच्छेद -५

## सङ्क्रामक महामारी पशु रोग नियन्त्रण कोषको व्यवस्था

३६. **सङ्क्रामक महामारी पशु रोग नियन्त्रण कोषको व्यवस्था:** (१) यस ऐनमा भएको सङ्क्रामक पशु रोग नियन्त्रणका लागि मन्त्रालयमा एउटा छुट्टै सङ्क्रामक महामारी पशु रोग नियन्त्रण कोषको व्यवस्था रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरूप प्राप्त रकम,

(ग) विदेशी सरकार, व्यक्ति वा अन्तराष्ट्रिय सङ्घ संस्थाबाट सहयोग, अनदुान वा ऋण स्वरूप प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको रकम सङ्क्रामक पशु रोग नियन्त्रणका कामका लागि प्रयोग गरिनेछ ।

(५) उपदफा (४) मा जनुसुकै कुरा लेखिएको भए तापनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन ।

(६) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(७) मन्त्रालयले कोषको बार्षिक आय व्ययको प्रतिवेदन तयार गरि निर्देशक समिति समक्ष पेश गर्नेछ।

(८) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

३७. <u>अन्य कोष सम्बन्धी व्यवस्थाः</u> (१) सङ्क्रामक पशु रोग नियन्त्रणका लागि प्रत्येक प्रदेश तथा स्थानीय तहमा सङ्क्रामक महामारी पशु रोग नियन्त्रण कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको प्रदेश सङ्क्रामक पशु रोग नियन्त्रण कोष तथा स्थानीय सङ्क्रामक पशु रोग नियन्त्रणका कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित प्रदेश तथा स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -६
## <u>कसुर र दण्ड सजाय</u>

३८. <u>कसुर गरेको मानिनेः</u> कसैले देहाय बमोजिमका कार्य गरे गराएमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ।

(क) दफा १६ बमोजिम सङ्क्रामक पशु रोगको सूचना लुकाएमा,

(ख) दफा १८ बमोजिम शङ्कास्पद सङ्क्रामक वस्तुको नमुना सङ्कलन गर्न नदिएमा,

(ग) दफा २० बमोजिम शङ्कास्पद सङ्क्रामक वस्तु अलग्गै राख्ने आदेश पालना नगरेमा,

(घ) दफा २५ विपरित पशु हाटबजार, पशु प्रदर्शनी वा पशु मेला सञ्चालन गर्ने र पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्रीको ओसारपसार गरेमा,

(ङ) दफा ३० बमोजिम सङ्क्रमित परिसर, शङ्कास्पद सङ्क्रामक वस्तु र ढुवानीका साधनको सरसफाई तथा निःसंक्रमण नगरेमा ।

३९. <u>दण्ड सजायः</u> दफा ३८ बमोजिम कुनै कसूर गर्ने व्यक्ति वा संस्थालाई देहाय बमोजिम दण्ड सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कुनै कसुर गरेमा दश हजार रुपैयाँ सम्म जरिवाना,

(ख) खण्ड (ख) बमोजिमको कुनै कसुर गरेमा बीस हजार रुपैयाँ सम्म जरिवाना वा एक महिना कैद वा दुवै,

(ग) खण्ड (ग) बमोजिमको कुनै कसुर गरेमा पच्चिस हजार रुपैयाँ सम्म जरिवाना वा तिन महिना कैद वा दुवै,

(घ) खण्ड (घ) बमोजिमको कुनै कसुर गरेमा एक लाख सम्म जरिवाना वा तिन महिना कैद वा दुवै,

(ङ) खण्ड (ङ) बमोजिमको कुनै कसुर गरेमा गरेमा बीस हजार रुपैयाँ सम्म जरिवाना,

(च) यस ऐन अन्तर्गत दश हजार सम्म जरिवाना हुने कसुरमा कसुरवार व्यक्तिलाई मुद्दाको अनुसन्धान गर्न दर्जा पुगेको कर्मचारीले मुचुल्का खडा गरी तत्काल जरिवाना गरी छाडिदिन सक्नेछ।

## परिच्छेद -७
## विविध

४०. **खोप सम्बन्धी व्यवस्था:** (१) सङ्क्रामक पशु रोग विरुद्ध खोप लगाउने तथा प्रमाणपत्र जारी गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४१. **कारक तत्वको सञ्चिति र नष्ट गर्ने:** (१) पहिचान गरिएको तोकिएका रोगको कारकतत्व विभागले तोकेका प्रयोगशालामा मापदण्ड बमोजिम सञ्चित गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चित गरिएको कारकतत्व बारे अध्ययन अनुसन्धान वा अन्तर्राष्ट्रिय प्रयोगशालाहरूमा थप परीक्षण तथा विश्लेषणको लागि पठाउनु पर्ने भएमा विभागले मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चित गरिएको कारकतत्व प्रयोग गरी स्वदेशी वा अन्तर्राष्ट्रिय प्रयोगशालाहरूमा जैविक पदार्थ उत्पादन गर्नको लागि दफा ५ बमोजिमको समितिको सिफारिसमा विभागले मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।

४२. **कारक तत्वको व्यवस्थापन:** सङ्क्रामक रोगको कारकतत्वलाई बाहिरी वातावरण, पानीको स्रोत, ढल तथा अन्य माध्यमद्वारा अन्यत्र बिस्तार नहुने गरी व्यवस्थापन गर्नु पर्नेछ।

४३. **पीडा रहित मरणको व्यवस्था:** दर्तावाल पशु चिकित्सकले सङ्क्रामक पशु रोगको पहिचान वा नियन्त्रण गर्न सङ्क्रमित पशुलाई नष्ट गर्ने बाहेक उपचारविहीन पीडादायी अवस्थामा सङ्क्रमित पशुलाई तोकिए बमोजिम पीडारहित मरण (युथेनेशिया)को व्यवस्था गर्न सक्नेछ।

४४. **पैठारीमा प्रतिबन्ध:** (१) नेपाल सरकारले पशु सेवा विभागको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएका सङ्क्रामक पशु रोग भएको प्रमाणित भएका देशबाट पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री तथा रोग सार्न सक्ने अन्य वस्तुको पैठारीमा प्रतिबन्ध लगाउन सक्नेछ ।

४५. **राष्ट्रिय सर्भिलेन्स र रोग नियन्त्रण कार्यक्रमहरू सञ्चालन गर्ने:** आधिकारीक निकायहरूले सङ्क्रामक पशु रोग नियन्त्रण गर्नको लागि तोकिए बमोजिम राष्ट्रिय सर्भिलेन्स र रोग नियन्त्रण कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

४६. **सहयोग गर्नु पर्ने:** यस ऐन बमोजिम कुनै काम कारबाही सम्पन्न गर्ने सिलसिलामा अधिकार प्राप्त अधिकारीबाट स्थानीय प्रशासन वा अन्य कुनै सरकारी वा गैर सरकारी कार्यालय वा निकायको सहयोग माग भएमा आवश्यक सहयोग गर्नु सम्बन्धीत सबैको कर्तब्य हुनेछ ।

४७. **अनुगमन मूल्याङ्कन गर्न सक्ने:** मन्त्रालयले सङ्क्रामक पशु रोग नियन्त्रण कार्यको आवश्यकताअनुसार अनुगमन तथा निरीक्षण गर्नेछ।

४८. <u>असल नियतले गरेको कामको बचाउ</u>: यस ऐन अन्तर्गत काम गर्ने अधिकारप्राप्त कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालना गर्दा असल नियतले गरेको काम कारवाहीको सम्बन्धमा कुनै व्यक्तिलाई व्यक्तिगत तवरले उत्तरदायी बनाइने वा कारबाही गरिने छैन।

४९. <u>अधिकार प्रत्यायोजन</u>: यस ऐन बमोजिम सङ्घीय, प्रदेश र जिल्ला रोग नियन्त्रण अधिकारीलाई प्राप्त अधिकार मध्ये मुद्दाको अनुसन्धान गर्ने अधिकार बाहेक अन्य अधिकार आवश्यकता अनुसार निजले आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५०. <u>सरकार वादी हुने</u>: यस ऐन अन्तर्गतको मुद्दाम नेपाल सरकार वा प्रदेश सरकार वा स्थानिय तह वादी हुनेछ ।

५१. <u>मुद्दाको तहकिकात र दायरी</u>: यस ऐन वमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात कम्तीमा अधिकृतस्तर छैठौं तह वा राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतले गर्नेछ र त्यस्तो तहकिकातको काम पुरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष दायर गर्नेछ।

५२. <u>मुद्दा हेर्ने अधिकारी</u>: (१) यस ऐन वमोजिमको कसूरमा मुद्दा हेर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

५३. <u>पुनरावेदन</u>: यस ऐन वमोजिमको मुद्दा हेर्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैतीस दिन भित्र सम्बन्धीत जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

५४. <u>नियम बनाउने अधिकार</u>: (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

५५. <u>आदेश जारी गर्न सक्ने</u>: नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सङ्क्रामक पशु रोग नियन्त्रण गर्न आदेश जारी गर्न सक्नेछ।

५६. <u>खारेजी</u>: पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १५ (पशुहरुको ओसारपसार सम्बन्धी व्यवस्था) खारेज गरिएको छ।